राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम

**विधेयकमा प्राप्त संशोधन प्रस्तावहरूको एकीकृत विवरण**

विधेयकको नामः- **विद्युतीय व्यापार विधेयक, २०८०**

**१) संशोधन प्रस्ताव दर्ता गर्ने माननीय सदस्यहरू (दर्ताको क्रमानुसार)**

| क्र. सं. | दर्ता. न. | मा. सदस्यको नाम | दर्ता नं. | मा. सदसयको नाम |
|---|---|---|---|---|
| १ | १ | मा. डा. विमला राई पौड्याल | २ | मा. देवेन्द्र दाहाल, मा. इन्दीरा गौतम, मा. इन्दु कडरीया, मा. गोपाल भट्टराई, मा. तुलसा कुमारी दाहाल, मा. दिलकुमारी रावल थापा (पार्वती), मा. भगवती न्यौपाने, मा. भैरव सुन्दर श्रेष्ठ, मा. विमला घिमिरे, मा. सुमित्रा वि.सी. |
| ३ | ३ | मा. मदन कुमारी शाह (गरिमा), मा. गोमादेवी तिमल्सिना, मा. राजेन्द्रलक्ष्मी गैरे | | |

**२) संशोधन प्रस्तावको विवरण (दफा क्रमानुसार मिलाइएको)**

| क्र. सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | दफा | उपदफा | खण्ड | उपखण्ड | प्रस्तावित संशोधन प्रस्तावको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १. | मा. मदन कुमारी शाह (गरिमा) लगायतका सदस्यहरू | प्रस्तावना | | | | प्रस्तावनामा रहेका "व्यवस्थित र विश्वसनीय" भन्ने शब्दहरूको सट्टा "व्यवस्थित, विश्वसनीय र गुणस्तरीय" भन्ने शब्दहरू राख्नु पर्ने । |
| २. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | २ | | (क) | | यस खण्डमा रहेको "व्यक्ति" भन्ने शब्दपछि "वा संस्था" भन्ने शब्दहरू थ प्नु पर्ने। |
| ३. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | २ | | (ग) | | यस खण्डमा रहेको "व्यक्ति" भन्ने शब्दपछि "वा संस्था" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ४. | मा. डा. विमला राई पौड्याल | २ | | (ट) | | यस खण्डमा रहेको "इन्ट्रानेट" भन्ने शब्दपछि ", सामाजिक सञ्जाल" भन्ने शब्दहरू थप्नु पर्ने । |
| ५. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | २ | | (ठ) | | यस खण्डको अन्त्यमा देहायको प्रतिबन्धनात्मक वाक्यांश थप्नु पर्नेः- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | "तर आर्थिक कारोवारलाई सहयोग पुऱ्याउन गरिने विज्ञापन तथा जानकारीका लागि कुनै विद्युतीय प्लेटफर्म प्रयोग गरिएमा त्यसलाई विद्युतीय व्यापार (इ-कमर्श) मानिने छैन।" |
| ६. | मा. मदन कुमारी शाह (गरिमा) लगायतका सदस्यहरू | २ | | (त) | | यस खण्डमा रहेको "लेखापरीक्षण," भन्ने शब्दपछि "निर्माण व्यवसायी र मर्मत सम्भार," भन्ने शब्दहरू थप्नु पर्ने। |
| ७. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | २ | | (त) | | यस खण्डपछि देहायको खण्ड (थ) थप्नु पर्नेः-<br>"(थ) "पूर्ति केन्द्र (फुल्फिल्मेण्ट सेण्टर)" भन्नाले एक प्रकारको गोदाम घर हो जहाँ मध्यस्थ व्यवसाय गर्ने व्यवसायीको विद्युतीय प्लेटफर्ममा सूचीकृत भएका विक्रेताहरूले आफ्नो स्वामित्वमा रहेका वस्तुहरूको सुनिश्चित गरी ग्राहकको मागलाई सजिलै उपलब्ध गराउने उद्देश्यले वस्तुहरूलाई कुनै निश्चित ठाँउमा संकलन गरी ग्राहकको माग आएको सुनिश्चित भएपछि प्याकेजिङ गर्ने सोही सेण्टरबाट वस्तु उपलब्ध गराउने उद्देश्यले सञ्चालन गरेको विक्रेताको एक शाखा वा खण्ड (ण) अनुसारको व्यवसायी सम्झनु पर्छ।" |
| ८. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | ३ | (१) | | | यस उपदफापछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउनु पर्नेः-<br>"(२) विदेशी लगानीको हकमा दफा २ को खण्ड (ण) मा व्यवस्था भए बमोजिमको कारोवार गर्न पाइने छैन।" |
| ९. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | ३ | (२) | | | यस उपदफापछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउनु पर्नेः-<br>"(३) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मध्यस्थ व्यवसायमा संलग्न कुनै पनि शेयर होल्डर वा उच्च व्यवस्थापन संलग्न भएको विक्रेताको फर्मको वस्तु तथा सेवाको कारोबार गर्न सकिने छैन।" |
| १०. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | ४ | (२) | (च) | | यस खण्डमा रहेका "वा स्थायी लेखा नम्बर" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ११. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | ४ | (२) | (झ) | | यस खण्डपछि देहायको खण्ड (ञ) थपी खण्डक्रम मिलाउनु पर्नेः-<br>"(ञ) मध्यस्थ व्यवसाय गर्ने व्यवसायीको हकमा अनिवार्य रूपमा अनलाइन विलिङ।" |
| १२. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | ५ | (१) | (ङ) | | यस खण्ड पछि देहायको खण्ड (च) थपी खण्डक्रम मिलाउनु पर्नेः-<br>"(च) घर बहालमा लिएको भएमा सोको सम्झौता," |
| १३. | मा. डा. विमला राई पौड्याल | ६ | | (त) | | यस खण्डमा रहेको "(फिड्व्याक)" भन्ने शब्दपछि "र सो सम्बन्धी गुनासो सम्बोधन गर्ने संयन्त्र" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १४. | मा. डा. विमला राई पौड्याल | ११ | (२) | | | यस उपदफामा रहेका "अग्रिम भुक्तानी पश्चात" भन्ने शब्दहरू झिक्नु पर्ने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५. | मा. डा. विमला राई पौड्याल | १४ | | (ख) | | यस खण्डमा रहेका "बढीमा ६ वर्षसम्म" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| १६. | मा. डा. विमला राई पौड्याल | १४ | | (ग) | | यस खण्डमा रहेका "ग्यारेण्टीका शर्त पालना गर्ने" भन्ने शब्दहरूको सट्टा "शर्त पालना गर्न सहजीकरण गर्ने" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १७. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | १४ | | (च) | | यस खण्डपछि देहायको खण्ड (छ) थप्नु पर्नेः-<br>"(छ) मध्यस्थ व्यवसायीले आफ्नो प्लेटफर्मबाट भएको कारोबारको विवरणहरू सम्बन्धित विक्रेताको स्थायी लेखा नम्बर सहित मासिक विक्रि विवरणहरू मूल्य अभिवृद्धि कर दाखिला गर्दा अनिवार्य रूपमा सम्बन्धित विक्रेतालाई जानकारी गराउनु पर्ने।" |
| १८. | मा. डा. विमला राई पौड्याल | १६ | | (क) | | यस खण्डमा रहेका "लिखित" भन्ने शब्दपछि "वा विद्युतीय" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १९. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | १६ | | (च) | | यस खण्डपछि देहायको खण्ड (छ) थप्नु पर्नेः-<br>"(छ) फुलफिल्मेण्ट सेण्टरको दायित्व निम्न अनुसार हुनेछ।<br>(१) विल विजक सोही ठाँउबाट जारी गर्ने,<br>(२) मध्यस्थ व्यवसाय मार्फत आएको मागलाई पूरा गर्ने बाहेकका अन्य कारोबार गर्न नपाइने।" |
| २०. | मा. डा. विमला राई पौड्याल | २३ | | | | यस दफामा रहेका "दुई वर्षदेखि तीन वर्षसम्म कैद वा तीन लाखदेखि पाँच लाख रूपैयाँसम्म जरिबाना वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "दश हजारदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना" भन्ने शब्दहरू राख्नु पर्ने। |
| २१. | मा. डा. विमला राई पौड्याल | ३३ | (६) | | | यस उपदफामा रहेका "गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "गर्न सक्नेछन्" भन्ने शब्दहरू राख्नु पर्ने। |
| २२. | मा. देवेन्द्र दाहाल लगायतका सदस्यहरू | ३५ | | | | यस दफामा रहेको "गर्ने" भन्ने शब्दपछि "नेपालमा उत्पादित वस्तुहरूको हकमा" भन्ने भन्ने शब्दहरू थप्नु पर्ने। |

**संशोधन प्रस्तावको क्र.स. १ देखि २२ सम्म छलफलका लागि स्वीकृत ।**

... ... ... ... ... ... ... ...

**(गणेश प्रसाद तिमिल्सिना)**
**अध्यक्ष, राष्ट्रिय सभा**